# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय सरकार सञ्चालन (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ मा संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ को,

(१) उपदफा (१) मा रहेको प्रदेश सरकारको पछाडि रहेको "परामर्श" भन्ने शब्दको सट्टा "सिफारिस" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (५) खारेज गरिएको छ ।

(३) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) कुनै गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र वा दुवै हेरफेर सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।"

३. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (३) मा रहेको "सङ्ख्याको" भन्ने शब्द पछाडि "कम्तीमा दुईतिहाई" भन्ने शब्द थप गरिएको छ ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छः

"(१) दफा ३ बमोजिमको आधारलाई विश्लेषण गरी प्रतिवेदन दिने प्रयोजनको लागि जिल्लामा देहाय बमोजिमको एक समिति रहनेछः

(क) जिल्ला समन्वय प्रमुख -संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृत कर्मचारी -सदस्य

(ग) सम्बन्धित जिल्लाको नापी अधिकृत- सदस्य

(घ) सम्बन्धित जिल्लाको मालपोत अधिकृत- सदस्य

(ङ) प्रमूख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।"

४. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को,

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थप गरिएको छ ।

"दफा ३ बमोजिम प्रदेश सरकारबाट सिफारिस भै आएपछि अध्ययन गरी मन्त्रालय समक्ष सिफारिस गर्ने प्रयोजनको लागि मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछ ।

(क) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख– संयोजक

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहसचिव -सदस्य

(ग) नापी विभागको महानिर्देशक -सदस्य

(घ) भूमि व्यवस्थापन तथा अभिलेख विभागको महानिर्देशक -सदस्य

(ङ) राष्ट्रिय तथ्याङ्क कार्यालयको सहसचिव -सदस्य

(च) मन्त्रालयको सम्बन्धित शाखा प्रमुख -सदस्य – सचिव"

५. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को,

(१) दफा ९ को उपदफा (३) को "भएतापनि" भन्ने शब्दको पछाडि "नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम" भन्ने शब्दहरु थप गरिएको छ ।

६. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,

(१) उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छः

"(१) सङ्घ तथा प्रदेश कानूनको विपरित नहुने गरी सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन"

(२) उपदफा (२) को खण्ड (घ) को उपखण्ड (३) मा रहेको मोटरबोट भन्ने शब्द पछाडि "प्यारागलाइडिङ" र "जिपलाईन" भन्ने शब्दहरु थप गरिएको छ ।

(३) उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६) को सट्टा देहायको उपखण्ड (६) राखिएको छः-

"(६) ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर, स्लेट जस्ता नदीजन्य एवं खानीजन्य वस्तुको सङ्कलन तथा बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन"

(४) उपदफा (२) को खण्ड (छ) को उपखण्ड (९) हटाइएको छ ।

(५) उपदफा (२) खण्ड (ज) को उपखण्ड (१) मा रहेको "आधारभूत" भन्ने शब्द पछाडि "तथा माध्यमिक" भन्ने शब्द थप गरिएको छ ।

(६) दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (११) को "दरवन्दी मिलान" भन्ने शब्द पछाडि "तथा सरुवा व्यवस्थापन" भन्ने शब्द थप गरिएको छ ।

(७) उपदफा (२) को खण्ड (न )को उपखण्ड (११) पछि देहायको उपखण्ड (११क) थप गरिएको छः-

"(११क) एम्बुलेन्स, वारूणयन्त्रको सञ्चालन तथा व्यवस्थापन,"

(८) उपदफा (२) को खण्ड (फ) पछि देहायको खण्ड (ब) र (भ) थप गरिएको छः-

" ब. युवा विकास तथा परिचालन

(१) युवा विकास र परिचालन सम्बन्धी स्थानिय नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन,

(२) युवा परामर्श तथा सचेतना अभिवृद्धि,

(३) युवा उद्यमशीलता, सीप विकास र रोजगारी प्रवर्द्धन,

(४) युवा प्रतिभा तथा उद्यमीको पहिचान, प्रोत्साहन र प्रवर्द्धन,

(५) स्थानीय युवा सूचना केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन,

भ. सामाजिक समावेशीकरण तथा मानवअधिकारको संरक्षण

(१)महिला, बालवालिका, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांङ्गता भएका व्यक्ति, किसान, श्रमिक, उत्पिडीत वा पिछडिएको क्षेत्रका नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आर्थिक रुपले विपन्न खस आर्यको सशक्तिकरण, समावेशीकरण तथा मूलप्रवाहिकीकरणका लागि नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन"

(९) उपदफा (५) को खण्ड (घ) उपखण्ड (२) पछि देहायको उपखण्ड (३) थपिएको छः-

"(३) औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थान,"

(१०) उपदफा (८) को पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) तोकिएको समयमा गाउँ तथा नगर सभा सम्पन्न गर्ने कर्तव्य सम्वन्धित स्थानीय तहको हुनेछ । यसरी तोकिएको समयमा गाउँ तथा नगर सभा सम्पन्न नगर्ने स्थानीय तहलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलव्ध गराइने सवै वा केही अनुदान लगायतका स्रोत त्यस्तो सभा नभएसम्मका लागि रोक्का राख्न सकिने छ।"

७. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को,-

(१) उपदफा (२) को खण्ड (ग) को उपखण्ड (३०) को सट्टा देहायको उपखण्ड (३०) राखिएको छः-

"(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, पिछडिएको समुदाय, बादी समुदाय, उपेक्षित, उत्पिडीत, दलित समुदाय, किसान, खस आर्य, सीमान्तकृत समुदाय लगायत अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंङ्ख्यकको अभिलेख राखी सामाजिक, आर्थिक उत्थान सम्बन्धी काम गर्ने "

८. <u>मूल ऐनको दफा १३ मा संशोधनः</u> मूल ऐनको दफा १३ को,

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि सामाग्री, ज्याला, भाडा तथा महसुलको न्यूनतम स्थानीय दररेट जिल्ला दररेटसँग तादाम्यता हुने गरी तोक्नुपर्नेछ ।

तर, निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्रीको स्थानीय न्युनतम दररेट निर्धारण गर्दा सङ्घ र प्रदेश सरकारबाट जारी भएका नीति तथा मापदण्डसँग सामान्जस्य हुने गरी तोक्नु पर्नेछ ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिमको दररेट जिल्लाले तोकेको १५ दिन भित्र तोकी सक्नुपर्नेछ।"

९. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को,

(१) उपदफा (४) को खण्ड (क) को उपखण्ड (१०) पछि देहायको उपखण्ड (१०क) थपिएको छः-

"(१०क) कुनै पनि स्थानीय तहले सङ्घ तथा प्रदेश सरकारले कानून बमोजिम खटाएको कर्मचारीहरुलाई हाजिर हुने कार्यमा बाधा अवरोध उत्पन्न गरेमा सङ्घीय तथा सामान्य प्रशासन मन्त्रालयले अनुदान रकम रोक्का गर्न अर्थ मन्त्रालयमा लेखी पठाउनेछ ।"

(२) उपदफा (४) को खण्ड (क) को उपखण्ड (१०क) पछि देहायको उपखण्ड (१०ख) थपिएको छ।

" (१०ख) आर्थिक वर्ष समाप्त भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले गरेको कार्यसम्पादनको विवरण मन्त्रालयमा पठाउने"

(३) उपदफा (४) को खण्ड (क) को उपखण्ड (१२) पछि देहायको उपखण्ड (१२क) थपिएको:

"(१२क.) वडा अध्यक्ष वा सदस्यको राजिनामा स्वीकृत गर्ने"

(४) उपदफा (४) को खण्ड (क) को उपखण्ड (१२क) पछि देहायको उपखण्ड (१२ख) थपिएको छ।

“(१२ख) वडा अध्यक्षबाट सिफारिस प्राप्त हुन नसकेको भन्ने गुनासो वा निवेदन प्राप्त भएमा सिफारिस सम्बन्धी कार्य गर्ने व्यवस्था मिलाउने”

(५) उपदफा (४) को खण्ड (ख) को उपखण्ड (८) पछि देहायको उपखण्ड (९) थपिएको छः-

"(९) उपखण्ड (७) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा कार्यपालिकाले न्यायिक समितिको काम वाहेक यस ऐन बमोजिम उपाध्यक्ष वा उपप्रमुखले गर्ने भनी तोकिएका अन्य काम गर्न निजको अनुपस्थिति रहेसम्मका लागि कार्यपालिकाको कुनै सदस्यलाई तोक्न सक्नेछ।"

(६) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

“(५) उपदफा (४) को खण्ड (ग) बमोजिम आफूलाई तोकिएका सिफारिस गर्ने लगायतका कार्यहरू प्रचलित कानून बमोजिम तोकिएको रित नपुगेको अवस्थामा बाहेक मनासिव समयभित्र सम्पादन नगरेको कारण आफूलाई पर्न गएको पीरमर्का वा गुनासो कुनै सेवाग्राहीबाट प्राप्त हुन आएमा अध्यक्ष वा प्रमुखले सेवा प्रवाहको व्यवस्था मिलाई सम्वन्धित पदाधिकारीलाई सचेत गराउन सक्नेछ।”

१०. <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को,

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

“(२) कार्यपलिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य संङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संङ्ख्या मानिने छ ।

तर पचास प्रतिशत सङ्ख्या उपस्थित नभएमा दोश्रो पटक तेत्तिस प्रतिशत र तेस्रो पटक पच्चिस प्रतिशत सङ्ख्या उपस्थित भएमा बैठक बस्न सक्नेछ।”

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ।

“(४) उपदफा (३) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यपालिकामा तत्काल कायम रहेको अध्यक्ष वा प्रमुख सहितका सदस्य सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुनेछ ।”

११. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u> मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

“२२ <u>समितिको गठनः</u> (१) सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्नेछ ।

(२) लेखा समितिले बेरुजु फर्छ्यौट समेतको काम गर्नेछ ।”

१२. <u>मूल ऐनको दफा २४ मा संशोधनः</u> मूल ऐनको दफा २४ को,

(१) उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) नेपाल सरकारबाट अन्तर्राष्ट्रिय मञ्चमा जनाइएका प्रतिबद्धता तथा राष्ट्रिय लक्ष्य हासिल हुने"

१३. <u>मूल ऐनको दफा ४३ मा संशोधनः</u> मूल ऐनको दफा ४३ को सट्टा देहायको दफा ४३ राखिएको छः-

"४३<u>राष्ट्रिय भवनसंहिता तथा भवन निर्माण मापदण्ड पालन गर्नु, गराउनु पर्नेः</u>(१) गाउँपालिका तथा नगरपालिकाले दफा २७ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिता तथा भवन निर्माण मापदण्डको भवन निर्माण सम्बन्धी मापदण्डहरु पालना गर्नु, गराउनु पर्नेछ।

(२) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१)बमोजिमको राष्ट्रिय भवनसंहिता तथा भवन निर्माण मापदण्डको अधीनमा रही थप मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(३) गाउँपालिका तथा नगरपालिकाले नक्सा पास सम्वन्धी प्रकृयालाई सूचना प्रविधिमा आधारित बनाउदै लैजानु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्रविधिको प्रयोग सम्बन्धी कार्यविधी सम्वन्धित स्थानीय तहले बनाई लागू गर्न सक्नेछ।"

१४. <u>मूल ऐनको दफा ५५ मा संशोधनः</u> मूल ऐनको दफा ५५ को,-

(१) उपदफा (५) खण्ड (ग) मा रहेका "घर र" भन्ने शब्दहरू झिकिएको छ।

१५. <u>मूल ऐनको दफा ५९ मा संशोधनः</u> मूल ऐनको दफा ५९ मा रहेको "संरचना" भन्ने शब्द पछाडि "र सार्वजनिक जग्गा" भन्ने शब्द थप गरिएको छ ।

१६. <u>मूल ऐनको दफा ६१ मा संशोधनः</u> मूल ऐनको दफा ६१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर त्यस्ता वस्तुको उत्पादन, संकलन वा व्यवसायिक उपयोग हुने गाउँपालिका तथा नगरपालिकाले बाहेक अन्य गाउँपालिका तथा नगरपालिकाले ती वस्तुको ढुवानीमा यो कर लगाउन पाउने छैन।"

१७. <u>मूल ऐनको दफा ६२क. मा संशोधनः</u> मूल ऐनको दफा ६२क. सट्टा देहायको दफा ६२क. राखिएको छः-

"६२क. <u>बिक्री गर्न र शुल्क तथा कर लगाउन सक्नेः</u>(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नदी, खोला तथा जलाशयमा रहेको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनबाट तोकिएको परिमाण बमोजिमको स्लेट, बालुवा, गिट्टी, ढुङ्गा तथा माटोजन्य वस्तु बिक्री गर्न सक्नेछ।

तर,राष्ट्रिय निकुन्ज,वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रभित्रको स्लेट, बालुवा, गिट्टी, ढुङ्गा तथा माटोजन्य वस्तुको विक्री सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ।

(२) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नदी खोलाले बगाई ल्याएका काठ दाउरा, जराजुरी जस्ता दहत्तर बहत्तरको बिक्री गर्न सक्नेछ ।

(३) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृति लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनले तोकेको परिमाणमा गरिने स्लेट, बालुवा, गिट्टी,ढुङ्गा तथा माटोजन्य वस्तुको उत्खनन्, संकलन र बिक्रीमा शुल्क लगाउन सक्नेछ।

(४) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम दर्ता अनुमति लिई सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योगबाट उत्पादित वस्तुको परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ।

(५) गाउँपालिका तथा नगरपालिकाले यस दफा बमोजिम प्राप्त गर्ने बिक्री, शुल्क वा कर बापतको रकममध्ये चालीस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवं माटोजन्य बस्तुको उत्खनन्, सङ्कलन, घाटगद्दी र बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(७) यस दफाको प्रयोजनका लागि नेपाल सरकारले प्रदेशलाई समेत लागू हुने गरी आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।"

१८. <u>मूल ऐनको दफा ६३ मा संशोधनः</u> मूल ऐनको दफा ६३ को उपदफा (३) र (४) मा रहेका "एकीकृत" भन्ने शब्दहरू झिकिएका छन्।

१९. <u>मूल ऐनको दफा ६६ मा संशोधनः</u> मूल ऐनको दफा ६६ को उपदफा (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर बजेट सीमा तथा मार्गदर्शन समयमा प्राप्त हुन नसकेको अवस्थामा चालु आर्थिक वर्षको बजेट सीमा र मार्गदर्शनलाई आधार मानी बजेट प्रक्षेपण गर्न सकिनेछ।"

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

२०. <u>मूल ऐनको दफा ६९ मा संशोधनः</u> मूल ऐनको दफा ६९को उपदफा (५) पछि देहायको उपदफा (६) र उपदफा (७) थप गरिएको छः-

“(६)तोकिएको समयमा गाउँ तथा नगरसभा सम्पन्न गर्ने कर्तव्य सम्वन्धित स्थानीय तहको हुनेछ ।

(७) उपदफा (६) बमोजिम गाउँसभा तथा नगरसभा सम्पन्न नगर्ने स्थानीय तहलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलव्ध गराइने सवै वा केही अनुदान लगायतका स्रोत त्यस्तो सभा नभएसम्मका लागि रोक्का राख्न सकिने छ ।”

२१. <u>मूल ऐनको दफा ७१ मा संशोधनः</u> मूल ऐनको दफा ७१ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) यस दफा बमोजिम आर्थिक ऐन स्वीकृत नभएसम्म कर, शुल्क तथा दस्तुर उठाउन र विनियोजन ऐन स्वीकृत नभएसम्म दफा ६९ को उपदफा (५) को खण्ड (ख) को अवस्थामा बाहेक सञ्चित कोषबाट कुनै रकम खर्च गर्न सकिने छैन।"

२२. <u>मूल ऐनको दफा ७५ मा संशोधनः</u> मूल ऐनको दफा ७५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर, नेपाल सरकार वा प्रदेश सरकारले उपलब्ध गराएको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान तथा विशेष प्रकृतिका कार्यक्रमका लागि शर्त सहित उपलब्ध गराएको रकम सम्बन्धित सरकारको सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।"

२३. <u>मूल ऐनको दफा ७६ मा संशोधनः</u> मूल ऐनको दफा ७६ को,

(१) उपदफा (२) पछि देहायको खण्ड (२क) थपिएको छः

“(२क) स्थानीय तहले आफ्नो सम्पत्ति, राजस्व, बजेट, कार्यक्रम र खर्च सम्वन्धी विवरण नेपाल सरकारले तोकेको सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः

“(३क) सङ्घीय सरकारबाट प्राप्त सःशर्त, समपुरक र विशेष अनुदानको खर्च तथा भौतिक प्रगति त्रैमासिक रुपमा कार्यक्रम/आयोजना सम्वद्ध मन्त्रालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ।"

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः

"(५) गाउँपालिका तथा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको त्रैमासिक तथा वार्षिक शीर्षकगत र भौतिक प्रगतिको विवरण तयार गरी अर्थ मन्त्रालय, मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सम्बन्धित प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालय र जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ।"

(४) उपदफा (६) पछि देहायको उपदफा (७) र (८) थपिएको छः-

"(७) जिल्ला समन्वय समितिले आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिभित्र जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको अघिल्लो आर्थिक वर्षको वार्षिक प्रगति समीक्षा सम्पन्न गरी सोको प्रतिवेदन तीस दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(८) गाउँपालिका तथा नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम कार्यान्वयन गर्दा उपदफा (७) बमोजिमको प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूलाई ध्यान दिनु पर्नेछ।"

२४. मूल ऐनको दफा ७७ मा संशोधनः मूल ऐनको दफा ७७ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थप गरिएको छ ।

"(५) स्थानीय तहले यस दफा बमोजिम भएको अन्तिम लेखा परीक्षणको प्रतिवेदन दफा २२ बमोजिम गठन हुने लेखा समितिमा छलफल गरी बेरुजु फछ्यौट गर्न तथा बेरुजु हुन नदिन आवश्यक सुझाव दिने व्यवस्था मिलाउनु पर्नेछ।

(६) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरूजू फछ्यौंट गर्ने उतरदायित्व प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित प्रमुख वा अध्यक्षको हुनेछ ।"

२५. मूल ऐनको दफा ८२ मा संशोधनः मूल ऐनको दफा ८२ मा रहेको "आफ्नो" भन्ने शब्दको पछाडि "मौलिकताको लोगो सहितको" भन्ने शब्द थपिएका छन् ।

२६. मूल ऐनको दफा ८३ मा संशोधनः मूल ऐनको दफा ८३ को,

(१) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७)गाउँपालिका तथा नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ तथा प्राविधिक सेवाका पद आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

तर करार सेवा प्राप्त गर्दा एक पटकमा ६ महिना भन्दा बढी अवधिको लागि लिन पाईने छैन।"

(२) उपदफा (९) मा देहायको प्रतिबन्धात्मक वाक्यंश थप राखिएको छः-
"तर, उपदफा (८) बमोजिम सेवा करार गरिएका कर्मचारीहरूको सेवा सुविधा नेपाल सरकारका समान तहका कर्मचारीहरूको शुरू तलब स्केलभन्दा बढी हुने छैन।"

(३) उपदफा (१०) पछि देहायको उपदफा (११) थपिएको छः-
"(११) गाउँपालिका तथा नगरपालिकामा कार्यरत कर्मचारीहरूको तलबी प्रतिवेदन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रत्येक वर्षको श्रावण मसान्तभित्र पारित गराउनु पर्नेछ।"

२७. <u>मूल ऐनको दफा ९१ मा संशोधनः</u>मूल ऐनको दफा ९१ को उपदफा (१) मा रहेको "गराउनका लागि" भन्ने शब्दको पछाडि "सम्बन्धित प्रदेशमा" भन्ने शब्द राखिएको छ ।

२८. <u>मूल ऐनको दफा ९२ मा संशोधनः</u> मूल ऐनको दफा ९२ को उपदफा (१) मा खण्ड (ञ१) थप गरिएको छः-
"(ञ१) जिल्ला समन्वय समिति र साविकको जिल्ला विकास समितिको कार्यालय अन्तर्गतको बेरुजू फछ्यौट गर्ने, गराउने ।"

२९. <u>मूल ऐनमा दफा ९४ मा संशोधनः</u> मूल ऐनको दफा ९४ को,
(१) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-
"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि स्थानीय तहले सवारी चालक, कार्यालय सहयोगी र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाका आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन।"

३०. <u>मूल ऐनमा दफा १०८ मा संशोधनः</u> मूल ऐनको दफा १०८ को सट्टा देहायको दफा १०८ राखिएको छः
"१०८. <u>जिल्ला समन्वय समितिको उपनिर्वाचन सम्बन्धी व्यवस्थाः</u> जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद संविधानको धारा २२० को उपधारा (६) बमोजिम रिक्त भएमा र निजको पदावधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा सोही धाराको उपधारा (३) बमोजिम उपनिर्वाचन गरी पूर्ति गर्नु पर्नेछ।"

३१. <u>मूल ऐनमा दफा १०८क. थपः</u> मूल ऐनको दफा १०८ पछि देहायको दफा १०८क. थपिएको छः

"१०८क. पद रिक्त भएको जानकारी दिनु पर्नेः (१) संविधानको धारा २१५ वा धारा २१६ बमोजिम कुनै गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष वा नगरपालिकामा प्रमुख, उपप्रमुख तथा दफा १०७ बमोजिम वडाध्यक्षको पद रिक्त भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सोको जानकारी तीस दिन भित्र मन्त्रालयमा गराउनु पर्नेछ ।

(२) संविधानको धारा २२० बमोजिम जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त भएमा सम्बन्धित जिल्ला समन्वय समितिले सो को जानकारी तीस दिन भित्र मन्त्रालयमा गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा मन्त्रालयले सोको विवरण निर्वाचन आयोगमा पठाउनु पर्नेछ।"

३२. मूल ऐनको दफा ११०क. थपः मूल ऐनको दफा ११० पछि देहायको दफा ११०क. थपिएको छः

"११०क. वैदेशिक भ्रमण सम्बन्धी व्यवस्थाः (१) जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख तथा महानगरपालिकाको प्रमुख र उपप्रमुखको वैदेशिक भ्रमण स्वीकृति नेपाल सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारी बाहेकका स्थानीय तहका अन्य पदाधिकारीको वैदेशिक भ्रमणको स्वीकृति मन्त्रालयले गर्नेछ।"

३३. मूल ऐनको दफा ११४क. मा संशोधनः मूल ऐनको दफा ११४ पछि देहायको दफा ११४क. थपिएको छः-

"११४क. व्यवस्थापन परीक्षणः (१) संविधान तथा यस ऐन बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका र नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्यलाई प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार व्यवस्थापन परीक्षण गर्नेछ।

(२) व्यवस्थापन परीक्षणबाट औल्याइएका सुझाव तथा दिईएका निर्देशनहरू पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(३)उपदफा (१) बमोजिम गरिने व्यवस्थापन परीक्षण सम्वन्धी अन्य व्यवस्था सङ्घीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

३४. मूल ऐनको दफा ११६ मा संशोधनः मूल ऐनको दफा ११६ को सट्टा देहायको दफा ११६ राखिएको छः-

"११६. <u>कार्यवाहक भई कार्य गर्न सक्नेः</u> (१) वडा अध्यक्षको पद कुनै कारणलले रिक्त भएमा वा निज निलम्बन भएमा वडा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छनौट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्नेछ।

(२) उपदफा (१) वमोजिम कार्यवाहक वडाध्यक्ष छनौट हुन नसकेमा उमेरको हिसावले जेष्ठ सदस्यले वडा समितिको कार्यवाहक वडाध्यक्ष भई काम गर्नु पर्नेछ।"

३५. <u>मूल ऐनमा दफा ११६ख. थपः</u> मूल ऐनको दफा ११६क पछि देहाय दफा ११६ख थप गरिएको छः-

"११६ख. <u>सङ्घ वा महासङ्घ गठन गर्न सक्नेः</u>(१) गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिहरुले नेपाल सरकार तथा प्रदेश सरकारसँग स्थानीय तहका सरोकारका विषयमा आवश्यक समन्वय गर्न सङ्घ वा महासङ्घ गठन गर्न सक्नेछन् ।

तर यस्तो सङ्घ वा महासङ्घ, गाउँपालिका वा नगरपालिका वा जिल्ला समन्वय समिति प्रत्येकको लागि एक भन्दा बढी हुने छैन ।"

३६. <u>मूल ऐनमा दफा ११६ग. थपः</u> मूल ऐनको दफा ११६ख. पछि देहाय दफा ११६ग. थप गरिएकोः-

"११६ग. <u>मन्त्रालयले समन्वय, सहजीकरण र सहकार्य गर्नेः</u> (१) मन्त्रालयले देहायका विषयमा गाउँपालिका, नगरपालिका तथा जिल्ला सभासँग समन्वय, सहजीकरण र सहकार्य गर्न सक्नेछ ।

(क) राष्ट्रिय नीति अनुकुल काम गर्ने विषय,
(ख) एकीकृत तथ्याङ्क सम्बन्धी विषय
(ग) संस्थागत मूल्याङ्कनका विषय
(घ) कर्मचारी व्यवस्थापन सम्बन्धी विषय,
(ङ) भौतिक प्रगति तथा आर्थिक विवरण लगायतका आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने विषय,
(च) अनुगमन तथा सहजीकरणको क्रममा देखिएका सुधार गर्नुपर्ने विषय,
(छ) सुशासनसँग सम्बन्धित विषय,
(ज) नेपाल पक्ष राष्ट्र भएका सन्धी सम्झौता तथा घोषणा र नेपाल सरकारले लिएका लक्ष्यहरु प्रासि र विषय,
(झ)व्यवस्थापन सम्बन्धी विषय,
(ञ)कार्यपालिकाले सम्पादन गर्नुपर्ने मन्त्रालयले आवश्यक देखेका अन्य विषयहरु।

(२) उपदफा (१) बमोजिमका विषयमा समन्वय, सहजीकरण र सहकार्य गर्नु गाउँपालिका, नगरपालिका र जिल्ला सभाको दायित्व हुनेछ।"

३७. <u>मूल ऐनमा दफा ११६घ. थप</u>: मूल ऐनको दफा ११६ग. पछि दफा ११६घ. थप गरिएको छः

"११६घ. <u>कार्यपालिकालाई निलम्वन गर्न सक्नेः</u> कुनै स्थानीय तहको कार्यपालिकाले देशको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रियता प्रतिकूल हुने गरी कुनै निर्णय वा काम कारवाही गरेको भनि प्रदेश मन्त्रिपरिषद्बाट सिफारिस भई आएमा नेपाल सरकारले सम्वन्धित स्थानीय तहको कार्यपालिकालाई बढीमा ६ महिनाको लागि निलम्वन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निलम्बनको अवधिमा कार्यपालिका तथा पदाधिकारीले गर्ने कार्य नेपाल सरकारले प्रदेश सरकारको समन्वयमा प्रमुख प्रशासकीय अधिकृत वा अन्य कर्मचारीले गर्ने गरी तोक्न सक्नेछ।"

३८. <u>मूल ऐनमा दफा ११७क. थपः</u> मूल ऐनको दफा ११७ पछि दफा **११७क.** थप गरिएको छ।

"११७क. <u>विदेशी सङ्ग संस्था र निकायबाट वैदेशिक सहायता लिन सक्नेः</u> (१) कुनै स्थानीय तहले विदेशी सङ्ग संस्था वा निकायबाट आर्थिक तथा भौतिक सहायता प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) स्थानीय तहले विदेशी सङ्ग संस्था र निकायबाट लिने वैदेशिक सहायता सम्बन्धी मापदण्ड नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग कार्यक्रमगत सम्झौता गर्दा नेपाल सरकारसँग भएको सम्झौता र स्वीकृतिको अधिनमा रही गर्नु पर्नेछ।"